समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Ltd

Microfinance

URL : www.samata.org.np
Email: samata@samata.org.np

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको संस्था
केन्द्रीय कार्यालय : बनेपा-७, काभ्रेपलाञ्चोक, फोन नं. : ०११-५४७०००

BOOSTING AGRICULTURE..... THINKING FOOD SECURITY & POVERTY REDUCTION

UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)
As at the Quarter (Asar End) of the fiscal year 2079/080

Fiscal Year: 2079/080		Quarter: 4th Qtr		(Rs. in '000)
S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**3,156,123.99**	**3,422,737.47**	**3,659,005.32**
1.1	Paid-up Capital	394,155.82	394,155.82	342,744.19
1.2	Reserves and Surplus	123,626.42	74,128.05	186,772.61
1.3	Debenture and Bond			
1.4	Borrowings	1,406,731.50	1,524,084.16	1,746,620.89
1.5	Deposits (a+b)	981,405.40	1,146,307.10	1,202,655.74
	a. Domestic Currency	981,405.40	1,146,307.10	1,202,655.74
	b. Foreign Currency			
1.6	Income Tax Liabilities			
1.7	Other Liabilities	250,204.85	284,062.34	180,211.90
2	**Total Assets (2.1 to 2.7)**	**3,156,123.99**	**3,422,737.47**	**3,659,005.32**
2.1	Cash & Bank Balance	124,390.01	184,223.06	132,205.08
2.2	Money at Call and Short Notice			
2.3	Investments	500.00	500.00	500.00
2.4	Loans & Advances	2,904,982.41	3,093,326.31	3,409,759.11
2.5	Fixed Assets	33,585.18	33,462.68	29,207.43
2.6	Non Banking Assets			
2.7	Other Assets	92,666.40	111,225.42	87,333.71
3	**Profit and Loss Account**			
3.1	Interest income	464,080.04	331,044.49	459,458.59
3.2	Interest Expense	272,076.26	203,007.30	234,724.71
A	**Net Interest Income (3.1-3.2)**	**192,003.78**	**128,037.18**	**224,733.88**
3.3	Fees Commission and Discount			
3.4	Other Operating Income	33,516.28	36,509.23	69,855.78
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**225,520.07**	**164,546.42**	**294,589.66**
3.6	Staff Expenses	115,209.79	84,781.32	109,501.28
3.7	Other Operating Expenses	43,857.13	28,609.63	49,103.27
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**66,453.15**	**51,155.47**	**135,985.11**
3.8	Provision for Possible Loss	85,266.28	69,624.62	94,352.48
D	**Operating profit (C-3.8)**	**(18,813.12)**	**(18,469.15)**	**41,632.63**
3.9	Non Operating Income/Expenses (Net)			
3.1	Write Back of Provision for Possible Loss	109,935.71	30,819.16	84,917.63
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**91,122.59**	**12,350.01**	**126,550.26**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**91,122.59**	**12,350.01**	**126,550.26**
3.12	Provision For Staff Bonus	9,112.26	1,235.00	12,655.03
3.13	Provision For Tax	24,603.10	3,334.50	34,168.57
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**57,407.23**	**7,780.51**	**79,726.66**
4	**Ratios**			
4.1	Capital Fund to RWA	17.03%	15.57%	15.23%
4.2	Non Performing Loan (NPL) to Total Loan	4.51%	5.82%	3.76%
4.3	Total Loan Loss Provision to total NPL	41.33%	26.64%	39.31%
4.4	Cost of Funds	10.69%	9.01%	8.90%
4.5	CD Ratio (Calculated as per NRB Directives)	296.00%	269.85%	283.52%

Note : Above position & performance are subject to change if instructed by statutory auditor and regulatory authority.

Interest Rate

1	Deposit	7.5%-10.25%
2	Loan & Advance	8%-15%

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०७९/०८० को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (बार्षिकमा)	**१४.५६**	**प्रति शेयर नेटवर्थ**	**१३१.३६**
तरलता अनुपात	**५.२१ %**	**मुल्य आम्दानी अनुपात**	**४८.२५**

२. व्यवस्थापकिय विश्लेषण :

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण :

वित्तीय क्षेत्रमा देखिएको तरलताको अभावको कारण समिक्षा अवधिमा लक्ष्य अनुसार व्यवसाय विस्तार हुन नसकि कुल वित्तीय मौज्दातका साथै तरलतामा समेत अपेक्षाकृत बृद्धि हुन सकेन । विगतमा बैंक तथा वित्तीय संस्थाहरुसँग लिईएको थोक विपन्न वर्ग कर्जाको वार्षिक ब्याजदरमा क्रमिक रुपमा बृद्धि भए सँगै वित्तीय खर्चहरु तुलनात्मक रुपमा बृद्धि हुन गई कुल वित्तीय आम्दानीमा समेत प्रत्यक्ष प्रभाव परेको छ । तसर्थ कर्जा असुली प्रक्रियालाई थप व्यस्थित बनाई गुणस्तरिय कर्जा लगानीलाई प्राथमिकतामा राखि व्यवसाय विस्तारमा जोड, नयाँ शाखाहरुको वित्तीय क्षमतामा अभिबृद्धि साथै भाखा नाघेको कर्जाको व्यवस्थापनलाई प्राथमिकतामा राखि चालु त्रैमासमा वित्तीय मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक बृद्धि हुने गरी रणनीतिक योजना सहित व्यवस्थापन पक्ष अघि बढिरहेको छ ।

ख. आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

आर्थिक वर्ष २०७९।८० को स्वीकृत संस्थागत बार्षिक नीति, कार्यक्रम तथा बजेट अनुरुप संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु अघि बढिरहेको छ । संस्थाको आर्थिक, प्रशासनिक तथा संचालित कार्यक्रमलाई थप प्रभावकारी एवम् गुणस्तरीय बनाउने उद्देश्यले विगतमा कार्यान्वयनमा आएका नीति कार्यविधिहरु समयानुकुल आवश्यक परिमार्जन गर्दै सोको उत्कृष्ट कार्यान्वयन तर्फ व्यवस्थापन पक्ष सदैव गम्भिर रहँदै आईरहेको छ । कार्यरत कर्मचारीहरुलाई आ-आफ्नो क्षेत्रमा दक्ष एवम् क्षमतावान् बनाउने उद्देश्यले आन्तरिक तथा बाह्य तालिम तथा गोष्ठी संचालन गर्नुको साथै संचालित लघुवित्त कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षणको लागि दक्ष सुपरिवेक्षकहरुको नियुक्ति गरी शाखा कार्यालयहरुको समग्र क्षमता अभिबृद्धि एवम् निर्धारित लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ वित्तीय संस्था अघि बढिरहेको छ । साथै, पूँजीगतरुपमा थप उत्कृष्ट एवम् दरिलो लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित गराउने उद्देश्यले उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी कार्यलाई समेत प्राथमिकताको साथ अघि बढाईरहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण :

विगतमा कोभिड-१९ ले सिर्जना गरेको विषम परिस्थिति, वित्तीय बजारमा देखिएको तरलता अभाव, थोक विपन्न वर्ग कर्जामा उच्च ब्याजदर बृद्धि, लघुवित्त संस्थाहरु बिच देखिएको अस्वस्थ्य प्रतिस्पर्धा, लघुवित्त कार्यक्रम विरोधी समूह आदिको कारण वित्तीय संस्थाले लक्ष्य अनुसार प्रगति हासिल गर्न चुनौतीपूर्ण देखिएको भएता पनि सम्वन्धीत सरोकारवाला निकायहरुसँगको समन्वय एवम् देखिएको चुनौतीहरुको शूक्ष्म अध्ययन गरि रणनीतिक योजना सहित संस्थालाई सकारात्मक दिशा तर्फ अघि बढाउने लक्ष्यका साथ वित्तीय संस्था अघि बढिरहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

समिक्षा अवधिमा कानूनी कारबाही सम्बन्धी कुनै किसिमको मुद्दा दायर नभएको ।

४. लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :

क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुदाँ यस सम्बन्धमा व्यवस्थापन पक्षको कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्न अनुसारले भएको देखिन्छ ।

अधिकतम मुल्य	न्यूनतम मुल्य	अन्तिम मुल्य	कारोवार भएको दिन	कारोवार संख्या	कुल कारोवार शेयर संख्या
रु. ७६५.८०	रु. ५५३.७०	रु. ७०२.७०	६२	५०५	४०,७७५

५. समस्या तथा चुनौती :

- लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धि सँगै अस्वस्थ्य प्रतिस्पर्धाको कारण गुणस्तरिय लघुवित्त सेवा प्रवाह गर्न चुनौती हुने देखिएको छ ।
- हाल वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको कारण लक्षित वर्गहरुको आवश्यकता बमोजिम कर्जा प्रवाह हुन नसकी लक्ष्य अनुरुप व्यवसाय विस्तारमा गर्न थप चुनौति हुने देखिएको छ ।
- लघुवित्त कार्यक्रम विरोधी समूहहरुले नियमित फिल्ड संचालनमा गरेको अवरोध ।
- दक्ष एवम् नैतिकवान् जनशक्तिको अभावको कारण लघुवित्त कार्यक्रमको मर्म अनुरुप प्रभावकारी रुपमा संचालन गर्न थप चुनौति हुने देखिएको छ ।

यद्यपी, वित्तीय संस्थाले हाल देखिएको समस्या तथा चुनौतीहरुको शूक्ष्म अध्ययन गरि विद्यमान चुनौतीहरुलाई अवसरको रुपमा लिई वित्तीय संस्थाको समग्र सूचकहरुलाई सदैव सकारात्मक कायम राख्न वित्तीय संस्थाले आवश्यक रणनीतिक योजना सहित अघि बढिरहेको छ ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ । संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभुति गराउन संस्था सदैव क्रियाशील छ । संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएको निर्देशनहरुको पूर्ण कार्यान्वयनको लागि सञ्चालक समितिले विभिन्न नीति तथा निर्देशिकाहरु तयार गर्ने र उक्त नीति तथा निर्देशिकाहरुलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको छ ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।